श्री तुलसीपुर उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय,तुलसीपुर,दाङ
लुम्बिनी प्रदेश , नेपाल

# सिलबन्दी प्रस्ताव आव्हानको सूचना

(दोश्रो पटक प्रकाशित मिति २०८०/०६/०५)

यस तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय अर्न्तगत कृषि विकास शाखाले आ.व. २०८०/८१ को प्रदेश सरकारको सर्शत अनुदान तर्फको **तोरी प्रवर्द्धन कार्यक्रममा** कृषकहरुलाई तोरीको उन्नत बीउमा ५० प्रतिशत अनुदानमा वितरण कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यहरु शिलबन्दी प्रस्तावको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले नेपाल सरकारवाट ईजाजत प्राप्त इच्छुक सहकारी संस्था लि./फर्म/उत्पादक कम्पनी वा सप्लार्यसहरुबाट निम्न शर्तहरुको अधिनमा रही पुनः दोश्रो पटक रित पूर्वकको सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ ।

**तपसिल**

१. आ.व २०८०/८१ को व्यवसाय नविकरण भएको इजाजत , आयकर दर्ता प्रमाण पत्र, कर चुत्ता प्रमाण पत्रको प्रतिलिपि सहित मिति २०८०/०६/०७ गते दिनको ०४:०० बजे भित्र तुलसीपुरउपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रस्ताव दर्ता गर्न सकिनेछ ।

२. खामको बाहिर भागमा यस कार्यालयलाई सम्बोधन गरी कामको विवरण खुलाई, फर्मको छाप लगाई, खाममा सिलबन्दी छाप गरी यस कार्यालयमा मात्र दर्ता गराउनु पर्नेछ । यसरी दर्ता हुनआएका प्रस्तावहरु सोहि दिनको ०४:३० बजे कार्यालयका प्रतिनिधिहरु र प्रस्ताव दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा प्रस्ताव खोलिने छ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

३. प्रस्ताव दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलि पल्ट कार्यालय खुलेको दिन सोही समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

४. प्रस्ताव साथ तल उल्लेखित रकम नेपाल इन्भेष्टमेन्ट मेघा बैंक लि.मा रहेको तुलसीपुर उपमहानगरपालिका कार्यालय दाङको धरौटी खाता नं ग-३-०३१०१४००२५००३० मा जम्मा गरेको सक्कल भौचर वा प्रस्ताव दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त क वर्गको बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नुपर्ने छ ।

५. प्रस्तावमा आफुले कबोल गरेको मू.अ.क बाहेकको दर रेट उल्लेख गर्नुपर्ने छ, प्रस्ताव पेश गर्दा स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । म्याद नाघी आएको र रित नपुगेको प्रस्ताव उपर कुनै कार्वाही गरिने छैन । न्यून अंक (रकम) कबोल गर्ने प्रस्ताव मात्र स्वीकार गरिनेछ ।

६. नेपाल सरकारको वा नेपाल सरकारवाट मान्यता प्राप्त वीउ विजन प्रगोगशालावाट वीउको गुणस्तर मापन गरेको ट्याग लगाएको वा प्रमाणित उन्नत वीउ, उपचार गरेको प्रमाण सहितको कागजात पेश गर्नुपर्ने छ ।

७. कार्यालयको हितलाई ध्यानमा राखी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) एवं नियनावली २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।

९. थप जानकारीका लागि यस कार्यालमा सम्पर्क राख्न सकिने छ, साथै यो सूचना तुलसीपुर उपमहानगरपालिकाको वेभसाइट **www.tulsipurmun.gov.np** बाट समेत डाउनलोड गरी हेर्न सकिनेछ ।

१०. कामको विवरण निम्नानुसारको छ ।

| सि.नं | कामको विवरण | इकाई | परिमाण | दर | रकम रु. (मु.अ.कर बाहेक) | जमानत वापतको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | तोरीको वीउ (उन्नती) जात | के.जि. | ३५०० | २५०।- | ८,७५,०००। | २३,०८०।- | उन्नती जात |

२०८०।६।५

मस्त बहादुर थापा
आन्तरिक व्यवस्थापन तथा खरिद शाखा प्रमुख